# SEE 2079 (2023)

## अनिवार्य विज्ञान

दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् ।

समय : २ घण्टा १५ मिनेट पूर्णाङ्क : ७५

**सबै प्रश्नहरूको उत्तर दिनुहोस् (Answer all the questions):**

### समूह 'क' (Group 'A')

१. **तलका प्रश्नहरुको छोटो उत्तर दिनुहोस् :** 15x1=15

**Write short answer to the following questions:**

a) चन्द्रमाको सतहमा g को मान कति हुन्छ ?
What is the value of g on the surface of moon?

b) पास्कलको नियम लेख्नुहोस् । (Write Pascal's law.)

c) ट्रान्सफर्मरले कस्तो किसिमको भोल्टेजलाई परिवर्तन गर्छ ?
Which type of voltage is transformed by a transformer?

d) बेरिलियम र क्याल्सियम पेरियोडिक टेबलको कुन समूहमा पर्दछन् ?
In which group of periodic table do berylium and calcium lie?

e) अक्सिजन वनाउनको लागि ऋणात्मक उत्प्रेरक कुन हो ?
Which one is a negative catalyst in the preparation of oxygen?

f) वाबु आमाका एक जोडा विपरीत गुण सहभागी भएको क्रसलाई के भनिन्छ ?
What is the cross between parents of a single pair of contrasting character called?

g) मानव रगतमा प्लाज्मा र रक्तकोषहरू कति कति प्रतिशत रहेका हुन्छन् ?
What is the percentages of plasma and blood cells in human blood?

h) कुन ग्रन्थीले अन्य ग्रन्थीको कार्यलाई नियन्त्रण गर्दछ ?
Which gland controls the functions of other glands?

i) एउटा रासायनिक प्रदुषकको नाम लेख्नुहोस् ।
Write the name of a chemical pollutant.

j) पुच्छ्रेताराको कक्षको आकार कस्तो हुन्छ ?
What is the shape of orbit of comet?

k) ऊर्जा बचतको परिभाषा दिनुहोस् । (Define energy saving.)

l) पानीको विशिष्ट तापधारण शक्ति कति हुन्छ ?
What is the specific heat capacity of water?

m) तामाको एउटा मुख्य धाउको नाम लेख्नुहोस् । (Write a main oar of copper.)

क्रमश

n) भाले मौरीको मुख्य कार्य के हो ?
What is the major function of drone bee?

o) भिङ्गाको कोषमा कति जोडा क्रोमोजोम रहेका हुन्छन् ?
How many pairs of chromosomes are there in the cell of house fly?


## समूह (ख) (Group 'B') 13×2=26

२) कुन कुन अवस्थाका कारणले गर्दा नेपालले जलविद्युत उत्पादनमा जोड दिनुपर्छ ? कुनै दुई कारणहरू लेख्नुहोस ।
What are the conditions due to which Nepal should focus on production of more hydroelectricity ? Mention any two points.

३) किन आजकल क्लिनिकल थर्मोमिटरको सट्टामा डिजिटल थर्मोमिटर प्रयोग गरिन्छ ? कुनै दुई कारण दिनुहोस् ।
Nowadays, why is digital thermometer used instead of clinical thermometer? Write any two reasons.

४) यदि लेन्सको केन्द्रीकरण दूरी 20 cm छ भने यसको सामर्थ्य पत्ता लगाउनुहोस् । उक्त लेन्स कुन प्रकारको हो ?
If focal length of a lens is 20 cm, find its power. What is the type of the lens?

५) चित्रमा एउटा विद्युत उपकरण देखाइएको छ ।
An electrical appliance is shown in the diagram.




a) यो कुन सिद्धान्तमा आधारित छ ?
On which principle does it base?

b) सेकेन्डरी क्वाइलमा फेराहरूको सङ्ख्या पत्ता लगाउनुहोस् ।
Calculate the number of turns in secondary coil.

**अथवा, (दृष्टिविहीनका लागि मात्र)**

AC voltage को मात्रा घटाउन वा बढाउन प्रयोग हुने विद्युतीय उपकरणलाई के भनिन्छ ? पावर हाउसहरूमा यसको कस्तो प्रकारको उपकरण प्रयोग गरिन्छ ?
What is the name of the device which is used to increase or decrease the AC voltage? What type of such device is used in powerhouse?

६) फ्लोरिनलाई आधुनिक पेरियोडिक तालिकाको 17 औं ग्रुपमा किन राखिन्छ ? व्याख्या गर्नुहोस ।
Why is fluorine kept in 17th group of modern periodic table? Explain.


७) रासायनिक प्रतिक्रियामा प्रतिक्रियारत पदार्थहरू उत्पादित पदार्थमा परिवर्तन हुँदा हुने कुनै दुईओटा परिवर्तन लेख्नुहोस् ।

Write any two changes that happens when reactants turn into product during chemical reaction.

८) एकजनाले हलुका र खिया नलाग्ने खेलौना बनाउँदैछ । बजारमा उपलव्ध फलाम, तामा र एल्मुनियम मध्ये उसले कुन धातु छान्नु पर्ला र किन ?

A person is preparing a light & rustfree toy. Among the metals iron, copper and aluminium available in the market, which metal should he choose and why?

९) दिइएको कार्वनिक यौगिकको अध्ययन गर्नुहोस । (Study the following organic compound)



a) उक्त यौगिकको अणुसूत्र लेख्नुहोस ।
Write the molecular formula of the compound.

b) उक्त यौगिक कार्वनिक यौगिकहरूको कुन समुहमा पर्दछ ?
In which group of organic compounds does this compound belong?

**अथवा, (दृष्टिविहीनका लागि मात्र)**

संतृप्त र असंतृप्त हाइड्रोकार्बनबिच कुनै दुई फरक लेख्नुहोस् ।

Write any two differences between saturated and unsaturated hydrocarbon.

१०) मौरीलाई किन सामाजिक किरा भनिन्छ ? कुनै दुईओटा कारणहरू लेख्नुहोस् ।

Why is honey bee called as social insect? Write any two reasons.

११) एउटा गोरिल्ला प्रजनन केन्द्रमा भाले गोरिल्ला उत्पादन नगरेको भन्दै पोथी गोरिल्लालाई केन्द्रबाट विस्थापन गरिँदो रहेछ ।

Female gorillas are being removed from a gorilla production centre as there is no production of male gorillas.

a) गोरिल्लाको लिङ्ग निर्धारण प्रक्रिया चार्टद्वारा प्रष्ट गर्नुहोस् ।
Clarify the sex determining process in gorilla with chart.

b) लिङ्ग निर्धारणमा भाले र पोथीमध्ये कसको भूमिका प्रमुख रहन्छ ? सो केन्द्रलाई उपयुक्त सुझाव दिनुहोस् ।
Which gender is mainly responsible in sex determination? Explain and give appropriate suggestion to the centre.

१२) एउटा कागतीको बोट अग्लो छ र त्यसका हाँगाहरू जमीनबाट माथि छन् । त्यस बोटबाट कुन भेजिटेटिभ विधिको प्रयोग गरी नयाँ विरुवा उत्पादन गर्न सकिन्छ ? उक्त विधि देखाउने चित्र खिच्नुहोस् ।

A lemon plant is tall and its branches are higher from ground. Which method of vegetative propagation can be applied to form new plants from it? Draw a diagram to show the process.


क्रमश:

१३) मेन्डलले आफ्नो प्रयोगको लागि केराउको साटो मुसा छानेको भए के हुन्थ्यो ? कुनै दुई बुँदाहरू लेख्नुहोस् ।
What would happen if Mendel selected rat instead of pea plant for his experiment? Write in two points.

१४) जलवायु परिवर्तनको प्रमुख कारण वायु प्रदुषण हो । कुनै दुई बुँदामार्फत यसको पुष्टि गर्नुहोस् ।
The ultimate cause of climate change is air pollution. Justify it in two points.

## समूह 'ग' (Group 'C') 6x3=18

१५) चित्रमा दिइएका दुई वस्तुहरूबिच यदि $6\times10^{-10}$ N गुरुत्वाकर्षण बल लागेको छ । यदि दुरीलाई आधा गर्दा र 40 kg लाई दोब्बर गर्दा तिनीहरुबिच कति गुरुत्वाकर्षण बल लाग्छ ?
In between the objects shown in the diagram, $6\times10^{-10}$ N gravitational force is exerted. If the distance is halved and mass of 40 kg is doubled what will be gravitational force between them?




१६) एउटा कन्भेक्स लेन्सको केन्द्रीकरण दूरी 2 cm छ र सो लेन्सको 3.5 cm टाढा एउटा वस्तु राखिएको छ ।
Focal length of convex lens is 2 cm and an object is kept at 3.5 cm away from the lens.

a) वस्तुको आकृति कहाँ बन्छ ? किरण रेखाचित्रद्वारा देखाउनुहोस् ।
Where does image form? Show by ray diagram.
**अथवा, (दृष्टिविहीनका लागि मात्र)**
वस्तुको आकृति कहाँ बन्छ ? (Where does the image of the object form?)

b) लेन्सले बनाएको आकृतिको विस्तृतीकरण कति हुन्छ ?
What is magnification of image formed by that lens?
**अथवा, (दृष्टिविहीनका लागि मात्र)**
यो लेन्सको सामर्थ्य निकाल्नुहोस् । (Find the power of the lens.)

c) यदि वस्तुलाई लेन्सबाट 1.5 cm दूरीमा राखियो भने वस्तुको आकृति कस्तो र कहाँ बन्छ ?
If the object is kept 1.5 cm distant from that lens, what type of image is formed and where?

१७) यौगिक X को पानीमा बनाइएको घोलले क्लोराइड आयोन र प्रोटोनहरू दिन्छ ।
Aqueous solution of a compound X gives chloride ions and protons.

a) X को अणु सूत्र लेख्नुहोस् । (Write the molecular formula of X.)

b) केही बिरामीहरूको पेटमा यौगिक 'X' धेरै मात्रामा उत्पादन हुन्छ । उक्त बिरामीहरूलाई डाक्टरले $Mg(OH)_2$, NaOH र $Na_2CO_3$ मध्ये कुन चाहि यौगिक भएको औषधीको प्रयोग गर्न सल्लाह दिन्छन् ?
The excess of compound 'X' is produced in stomach of some patients. Which campound among $Mg(OH)_2$, NaOH and $Na_2CO_3$ contained in the medicine will be suggested by the doctor to use?

c) यौगिक 'X' ले मिथाइल ओरेन्जको मिश्रणलाई रातो रङ्मा परिवर्तन गर्छ । उक्त प्रक्रियाको लागि कुन आयोन जिम्मेवार छ ?
The compound 'X' turns methyl orange solution to red. Which ion is responsible for the change?

१८) केही औद्योगिक रसायनहरू तल दिइएका छन् । तीमध्ये दिइएको कार्यको लागि कुन कुन रसायनहरू प्रयोग गरिन्छन् ?
Some industrial chemicals are given below. Which of them will you use for the following purpose?
क्वार्ज (Quartz), पोलिस्टिरिन (Polystyrene), टेफ्लोन (Teflon), सोडियम स्टिरेट (Sodium stearte), सोडियम सिलिकेट (Sodium silicate).

a. इलेक्ट्रोनिक उपकरण प्याक गर्न (To pack an electronic device)
b. अन्तरिक्षयानको एन्टेना ढाक्न (To cover antenna of space craft)
c. पकाउने भाँडाहरूको सतहलाई नटाँसिने बनाउन ।
To make non-sticky surface of cooking vessels.

१९) उच्च रक्तचाप सम्वन्धी एउटा सामुदायिक कार्यक्रममा तपाईं वक्ताको रुपमा छनौट हुनुभयो । तपाईंले समुदायका व्यक्तिवाट सोधिएका निम्नलिखित प्रश्नहरूको के उत्तर दिनुहुन्छ ?
During a community based interaction program about high blood pressure, you were selected as a speaker. What answer do you give for the following questions asked by people of the community?

a) मलाई उच्च रक्तचाप भएको कुरा कसरी थाहा पाउन सक्छु ?
How can I know that I am suffuring from high blood pressure?

b) उच्च रक्तचापवाट मलाई हुन सक्ने अन्य दुईओटा स्वास्थ्य समस्या के के हुन सक्छन् ?
What other two health problems might be caused by high blood pressure?


c) मैले मेरो उच्च रक्तचापको नियन्त्रणको लागि मेरा वानी व्यहोरामा कस्तो परिवर्तन ल्याउनुपर्छ ? कुनै एउटा बुँदामा लेख्नुहोस् ।
What should I change, if I have high blood pressure? Write in a point.

२०) पृथ्वीको तापक्रम बढ्न थाल्यो । बालीको उब्जनी घट्न थाल्यो । छालाको क्यान्सर बढी देखा पर्न थाल्यो ।
The temperature of the earth is increasing, production of crop is decreasing, skin cancer sufferer are increasing.

a) माथिको नतिजाको कारण के हो ? (What is the cause of the above findings?)
b) माथिको अवस्थाबाट सुरक्षित हुन के गर्नु पर्दछ ?
What is to be done to be safe from above conditions?
c) उभयचरमा यसको एउटा नकारात्मक असर लेख्नुहोस् ।
Write down its one harmful effect in the amphibians.

## समूह 'घ' (Group 'D') 4x4=16

२१) दिएको चित्र पारोयुक्त ब्यारोमिटरको हो जसमा निर्धारित विन्दु "B" ले एउटा मान देखाउँछ ।
Figure alongside shows a mercury barometer. 'B' has some fixed reading.




a) यदि यस उपकरणलाई समुद्री सतहमा लैजाने हो हो भने "B" ले कति मान देखाउला ?
What will be the value of reading 'B' when this device is taken at sea level.
b) यसलाई समुद्री सतहदेखि माथि लैजाँदा यस उपकरणको पारोका सतहमा परिवर्तन आउँछ, किन ?
The level of mercury changes when this device is taken at higher attitude from the sea level, why?
c) यसमा पारोको सट्टा पानी प्रयोग गर्न नसक्नुको कुनै दुई कारणहरू व्याख्या गर्नुहोस् ।
Explain any two reasons of not using water instead of mercury in this device.

**अथवा, (दृष्टिविहीनका लागि मात्र)**

एउटा पारोयुक्त ब्यारोमिटरलाई समुद्री सतहमा लैजाँदा कति मान देखाउँछ ? यो ब्यारोमिटरलाई समुद्री सतहदेखि माथि लैजाँदा पारोको सतहमा परिवर्तन आउँछ किन ? यसमा पारोको सट्टा पानी राख्न सकिँदैन, किन ? कुनै दुई कारणहरू लेख्नुहोस् ।
When a mercury barometer is taken into sea level, what is the reading shown by it? Why the level of mercury of the barometer changes when it is taken into higher places than sea level? We can not use water instead of mercury in it, why? Write any two reasons.

२२) एउटा कोल्ड स्टोरलाई 'X' रसायनको आवश्यकता पर्दछ, जुन धातुको कार्वोनेटहरूलाई बेस्सरी तताउँदा बनाउन सकिन्छ । एउटा नक्साको प्रतिलिपि बनाउने फर्मलाई 'Y' ग्यासको आवश्यकता पर्दछ, जुन एमोनियम लवणलाई क्षारसँग तताएर बनाउन सकिन्छ । एउटा रासायनिक मल बनाउने कम्पनीले दुवै ग्याँसहरूको प्रयोग गर्दछ ।

The chemical 'X' which is required for a cold store, can be obtained by heating strongly a metal carbonate. Gas 'Y' is used by a map form to prepare copy of map which can be obtaned by heating ammonium salt and a base. A fertlizer company uses both the gases.


a) रसायन 'X' चिन्नुहोस् । (Identify the chemical 'X' .)

b) कोल्ड स्टोरले के को लागि X को प्रयोग गर्छ ?
For what purpose does the cold store use X?

c) रसायन Y को औद्योगिक स्तरमा निर्माण गर्दा उत्प्रेरक बाहेकका दुईओटा आवश्यक अवस्थाहरू उल्लेख गर्नुहोस् ।
Mention a required condition other than catalyst to manufacture the chemical Y?

d) मल कारखानामा ती रसायनहरूको प्रयोग गर्दा हुने रासायनिक प्रतिक्रियालाई रासायनिक समीकरणबाट देखाउनुहोस् ।
Show the chemical equation of reaction occured in fertilizer industry by using these camicals.

२३) चित्रमा केन्द्रीय स्नायु प्रणाली देखाइएको छ :
Central nervous system is shown in the diagram:




a) A को कुन भागले मष्तिष्कको तिक्ष्णताको निर्धारण गर्दछ ?
Which part of 'A' determines the sharpness of brain?

b) C, D र E लाई संयुक्त रुपमा के भनिन्छ ?
What do C, D and E collectively call?

c) तीमध्येको कुन भागमा मिश्रित नर्भहरू मात्र पाइन्छ ?
Which part of them has only the mixed nerves?

d) यस प्रणालीको सुरक्षा गर्ने हाड समूहहरूको नाम दिनुहोस् ।
Name the bone groups which protect the system.

अथवा, (दृष्टिविहीनका लागि मात्र)

केन्द्रीय स्नायु प्रणालीको सबैभन्दा ठूलो भागको नाम लेखी त्यस भागका कुनै प्रमुख तीन कार्यहरू लेख्नुहोस् ।

Name the largest part of Central Nervous System and write any three functions of that part.

२४) जीवहरूको उत्पत्ति र विकासक्रम हेर्दा सरलबाट जटिलतर्फ हुँदै गएको पाइन्छ ।
Based on the origin and evolution of organisms, it has found that they evolve from simple to complex.

a) तलका जीवहरूलाई विकासक्रमको आधारमा शुरूदेखि अन्तिमसम्म मिलाउनुहोस् ।
Arrange the following animals in the order of prior to later.
हात्ती (Elephant), सर्प (Snake), प्लाज्मोडियम (Plasmodium)

b) चिसो रगत भएका र तातो रगत भएका प्राणीहरूमध्ये कुन पहिला विकास भएको होला ?
Out of cold blooded and warm blooded animals, which were evolved first?

c) सजीवहरूको विकासक्रम सरलबाट जटिल हुने कारणलाई दुईओटा बुँदामा स्पष्ट पार्नुहोस् ।
Clarify the cause of evolution of organisms from simple to complex in two points.

•••

RE-111'MP'

**SEE 2079 (2023)**

**अनिवार्य विज्ञान**

दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् ।

समय : २ घण्टा १५ मिनेट पूर्णाङ्क : ७५

**सबै प्रश्नहरूको उत्तर दिनुहोस् (Answer all the questions):**

**समूह 'क' (Group 'A')**

१) तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् : 15x1=15

**Write short answer to the following questions:**

a) 1 क्यालोरीमा कति Joule तापशक्ति हुन्छ ?
How many joules heat energy is in 1 calorie?

b) आँखाको कुन भागले लेन्स समायोजनमा भूमिका खेल्छ ?
Which part of eye plays role in accomodation of eye?

c) जेनेरेटरमा उत्पादित e.m.f..बढाउने कुनै एक उपाय लेख्नुहोस् ?
Write one of the ways to increase the magnitude of induced e.m.f. in a generator?

d) K र Na मध्ये कुन बढी सक्रिय हुन्छ ?
Between K and Na which one is more reactive?

e) कार्वोजेनका अवयव के के हुन् ?
What are the components of carbogen?

f) $C_nH_{2n}$ सामान्य सूत्र भएको हाइड्रोकार्वनहरूको समूहको नाम के हो ?
What is the name of the group of hydrocarbons with general formula $C_nH_{2n}$?

g) इन्जाइम र हर्मोन दुवै उत्पादन गर्ने ग्रन्थीलाई के भनिन्छ ?
What is the name of the gland which produces enzyme and hormone both?

h) क्लेनाइफेल्टर सिन्ड्रोममा हुने क्यारियोटाइप (क्रोमोजोम ढाँचा) लेख्नुहोस् ।
Write karyotype (chromosome pattern) of klinefelter syndrome.

i) मेण्डलले आफ्नो प्रयोगको लागि किन केराउ रोजे ? कुनै एक बुँदामा लेख्नुहोस् ।
Why did Mendel select pea plant for his experiment? Write any one point.

j) वायुमण्डलीय तह विभाजनको कुनै एक आधार लेख्नुहोस् ।
Write one of the bases of division of layers of atmosphere.

k) हावामा भन्दा पानीमा ढुङ्गा उचाल्न सजिलो हुन्छ, किन ?
*It is easier to lift stone in water than in air, why?*

क्रमशः

l) खनिज तेल अनविकरणीय ऊर्जाको स्रोत हुँदाहुँदै पनि यसको प्रयोग अत्यधिक मात्रामा हुनुको कुनै एउटा कारण लेख्नुहोस्।
Write any one reason of extreme use of mineral oil, although it is a non-renewable source of energy.

m) एल्युमिनियमको मुख्य धाउको नाम लेख्नुहोस्।
Write the name of chief ore of aluminium.

n) सेरी रेशम किराको मुख्य खाना के हो ?
What is the main food of seri silk worm?

o) घरेलु फोहोर पदार्थबाट कुन ग्याँस निस्कन्छ ?
Which gas is produced from domestic waste?

## समूह (ख) (Group 'B') 13×2=26

२) तरलको चापलाई असर गर्ने कुनै दुईओटा कारक तत्त्वहरू लेख्नुहोस्।
Write any two factors affecting liquid pressure.

३) न्युक्लियर फिशन र न्युक्लियर फ्युजन प्रतिक्रियाबिच कुनै दुई फरकहरू लेख्नुहोस्।
Write any two differences between nuclear fission and nuclear fusion.

४) क्लिनिकल थर्मोमिटर र प्रयोगशाला थर्मोमिटरबिच कुनै दुईओटा फरक लेख्नुहोस्।
Write any two differences between clinical and laboratory thermometer.

५) हिटरमा नाइक्रोम तार प्रयोग गरिन्छ, किन ? कुनै दुईओटा कारण लेख्नुहोस्।
Nichrome wire is used in heater, why ? Write any two reasons.

६) चुनढुङ्गाको टुक्राले भन्दा चुनढुङ्गाको धुलोले हाइड्रोक्लोरिक अम्लसँग छिटो रासायनिक प्रतिक्रिया गर्ने एउटा कारण उल्लेख गर्नुहोस्। उक्त प्रतिक्रियालाई सन्तुलित सूत्र समीकरणमा व्यक्त गर्नुहोस्।
Mention any one reason for fast reaction of powdered limestone than pieces of lime stone with hydrochloric acid. Also express the reaction in the form of balanced chemical equation.

**अथवा, (दृष्टिविहीनका लागि मात्र)**

चुनढुङ्गाको टुक्राले भन्दा चुनढुङ्गाको धुलोले हाइड्रोक्लोरिक अम्लसँग छिटो रासायनिक प्रतिक्रिया गर्ने एउटा कारण लेख्नुहोस्। उक्त प्रतिक्रियामा बन्ने लवणको नाम लेख्नुहोस्।
Mention any one reason for fast reaction of powdered limestone than pieces of lime stone with hydrochloric acid. Write the name of salt formed in this reaction.

७) प्रयोगशालामा एमोनियम क्लोराइड र क्याल्सियम हाइड्रोक्साइडलाई तताएर एउटा ग्याँस तयार पारिन्छ।

A gas is prepared in laboratory by heating ammonium chloride and calcium hydroxide.

a) यो प्रक्रियामा क्याल्सियम हाइड्रोक्साइड र एमोनियम क्लोराइडको अनुपात कति हुनुपर्छ ?
What is the ratio of calcium hydroxide and ammonium chloride used in this process?

b) यो प्रक्रियाको सन्तुलित रासायनिक समीकरण लेख्नुहोस्।
Write the balanced chemical equation for this process.

**अथवा, (दृष्टिविहीनका लागि मात्र)**

यस प्रतिक्रियाबाट बनेको ग्याँसले पानीमा घोलिएर के बनाउँछ ?
What does the gas form by dissolving in water?

८) कारण दिनुहोस् (Give reason):

a) सुन, चाँदीजस्ता धातुहरू गहना बनाउन प्रयोग गरिन्छ।
Metals like gold and silver are used to make jewelleries.


b) तामा र फलामका भाँडाकुँडामा अम्लीय पदार्थहरू पकाइँदैन।
Copper and iron utensils are not used to cook acidic substances.

९) कारण दिनुहोस् (Give reason):

a) पिभिसीलाई प्रेसर कुकुरको हेण्डलमा प्रयोग गर्न सकिँदैन।
PVC cannot be used in handles of pressure cooker.

b) मेलामाइनलाई पुंन: अर्को आकार दिन सकिँदैन।
Melamine cannot be remoulded.

१०) दिइएको चित्र रेशम किराको लार्भा अवस्था हो।
The given figure is the larva stage of silkworm.




a) यसको कुन भागले श्वासप्रश्वासमा सहयोग गर्छ ?
Which part of it helps in respiration?

b) भाग C को कार्य लेख्नुहोस्। (Write the function of Part C.)

११) डाउन्स सिन्ड्रोम केटा र केटी दुवैमा हुन सक्ने कुनै दुई कारण लेख्नुहोस्।
Write any two reasons of occurring Down's syndrome in both boys and girls.

१२) प्रस्विृति र उत्परिवर्तनबिचमा कुनै दुईओटा फरकहरू लेख्नुहोस्।
Write any two differences between variation and mutation.

१३) 'बढ्दो औद्योगीकरण र सहरीकरणले माटो प्रदुषण हुन्छ।' यस भनाइलाई पुष्टि गर्ने कुनै दुई कारणहरू स्पष्ट पार्नुहोस्।
'Soil is polluted by the increased industrialization and urbanization'. Clarify this statement by any two reasons.

१४) मानौं, चार इराहरू A,B,C र D छन् । इरा A मा मानिसको प्रभुत्व, इरा B मा फूल फूल्ने बिरुवाहरू, इरा C मा किरा तथा माछा र इरा D मा एककोषीय जीवहरूको उत्पत्ति र विकास भएको छ ।

Suppose, there are four Eras A, B, C and D. In Era A dominance of human beings, in Era B flowering plants, in Era C insects and fishes and in Era D unicellular organism were evolved.

a) इरा A को नाम लेख्नुहोस् । (Write the name of Era A.)

b) यसमध्ये कुन इरालाई सरिसृपको इरा पनि भनिन्छ ?
Which of the above Era is considered as Era of reptiles?

## समूह 'ग' (Group 'C') 6x3=18

१५) पारो ब्यारोमिटरले समुन्द्री सतहमा 760 mm of Hg वायुमण्डलीय चाप देखाउँछ । यदि ब्यारोमिटरलाई पानीले भरियो भने, सोही ठाउँमा ब्यारोमिटर भित्र पानीको उचाइ कति बढ्छ ? ब्यारोमिटरमा प्रयोग गरिने तरल पदार्थको रूपमा यी दुईमध्ये कुन चाहिँ उपयुक्त हुन्छ ? व्याख्या गर्नुहोस् ।

A mercury barometer measures 760 mm of Hg atmospheric pressure at the sea level. If the barometer is filled with water, what will be the height of the water raised inside the barometer at that place? Which of them is better to use as a barometric liquid? Explain.

१६) एक जना विद्यार्थीले कक्षाको अन्तिम वेञ्चमा वसेर शैक्षणिक पाटीमा लेखिएका अक्षरहरू धमिलो देखेको पाइयो ।

A student sitting on the last bench of class found blurred letter written on the instructional board.

a) उक्त विद्यार्थीमा भएको दृष्टिदोषलाई हटाउन कुन लेन्स भएको चश्मा प्रयोग गर्नुपर्छ ?
What type of lens should be used in the spectacles for the remedy of the defect of vision of the student?

b) उक्त चश्मा प्रयोग गर्दा वन्ने आकृति किरण रेखाचित्रमा खिच्नुहोस् ।
Draw the ray diagram for the image formed while using the spectacles.

**अथवा, (दृष्टिविहीनका लागि मात्र)**

उक्त चश्माको प्रयोग गर्दा त्यसले दृष्टिदोषलाई कसरी हटाउँछ ? छोटकरीमा वर्णन गर्नुहोस् ।

How does the spectacles remove the defect of vision? Describe in short.

१७) यदि एउटा धातु A को परमाणुमा 14 ओटा न्युट्रोन छन् भने -
If a metal A has 14 neutrons in its atom, then -

a) त्यस परमाणुको इलेक्ट्रोन विन्यास लेख्नुहोस् ।
Write electronic configuration of that atom.

b) $A^{3+}$ को आयोनिक संरचना बनाउनुहोस् ।
Construct ionic structure of $A^{3+}$ on the basis of atomic structure.

**अथवा, (दृष्टिविहीनका लागि मात्र)**

$A^{3+}$ को अन्तिम कक्षमा कतिओटा इलेक्ट्रोन हुन्छन् ?
How many electrons are found in the last orbit of $A^{3+}$?

c) उक्त परमाणुले $A^{2+}$ बनाउन नसक्ने कारण स्पष्ट पार्नुहोस् ?
Clarify the reason of not forming $A^{2+}$ by this atom.

१८) 2 ओटा कार्बनका परमाणुहरू भएको र साधारण सूत्र $C_nH_{2n}$ भएको अल्किनबाट एउटा संतृप्त हाइड्रोकार्बन बनाइन्छ । उक्त रासायनिक प्रतिक्रियाको एउटा प्रतिक्रियारत रसायनलाई हावासँग बाल्दा एउटा ग्याँस निस्किन्छ, जस्ले चुन पानीलाई सेतो बनाउँदछ ।
A saturated hydrocarbon is formed by the hydrogenation of alkene having 2 carbon atoms and general formula $C_nH_{2n}$. One of the reactants in the given reaction when burnt in air produces a gas which turns lime water milky.

a) पहिलो कथनमा प्रयोग भएको प्रतिक्रियारत रसायन र उत्पादित रसायनको IUPAC नामहरू लेख्नुहोस् ।
Write the IUPAC names of reactant and product as described in the first statement.

b) पहिलो कथनमा भएको प्रतिक्रियाको सन्तुलित समीकरण लेख्नुहोस् ।
Write the balanced equation of the reaction occured in the first statement.

c) दोस्रो कथनमा उल्लेख भएको सेतो पदार्थको नाम लेख्नुहोस् ।
Write the name of milky compound formed as described in the second statement.

१९) केन्द्रीय स्नायु प्रणालीको सफा चित्र खिचेर तल दिइएका भागहरुको नामाङ्कन गर्नुहोस् ।
Sketch a neat diagram of Central Nervous System and label the following parts in it.

a) अकाम्य क्रिया सञ्चालन गर्ने भाग ।
The part which is responsible for reflex action.

b) कल्पना गर्नका लागि जिम्मेवार भाग ।
The part which is responsible for imagination.

क्रमश:

अथवा, (दृष्टिविहीनका लागि मात्र)


केन्द्रीय स्नायु प्रणालीको छोटो वर्णन गर्नुहोस् । त्यसमा निम्नलिखित कार्यको लागि कुन भाग जिम्मेवार हुन्छन् ? नाम लेख्नुहोस् ।

Describe in short about the Central Nervous System. Which part of them is responsible for following functions? Write name.

a) अकाम्य क्रिया सञ्चालन गर्ने भाग ।
The part which is responsible for reflex action.

b) कल्पना गर्नका लागि जिम्मेवार भाग ।
The part which is responsible for imagination.

२०। दिइएको चित्रमा फूलका केही भागहरु देखाइएको छ :
Some parts of a flower are shown in the given diagram:




a) भाग 'A' को निर्माण कहाँ हुन्छ ?
Where is part 'A' formed?

b) कुन भागले बीउ बनाउँछ ?
Which part of it forms seed?

c) भाग C र भाले ग्यामेटको संयोजनले के को निर्माण गर्छन् ?
What is formed by the fusion of part C and male gamete?

समूह 'घ' (Group 'D') 4x4=16

२१। कुनै दुई पिण्डहरुलाई निश्चित दूरीमा राख्दा उत्पन्न हुने गुरुत्वाकर्षण बल तलको तालिकामा दिइएको छ :

The gravitational force between two masses when they are separated by certain distance are shown in the given table:

| सि.नं. (S.N.) | गुरुत्वबल (Gravitational force) | दूरी (Distance) | पहिलो पिण्ड (Mass first ) | दोस्रो पिण्ड (Mass second) |
|---|---|---|---|---|
| 1 | F | d | $m_1$ | $m_2$ |
| 2 | F/2 | 2d | $2m_1$ | $2m_2$ |
| 3 | 4F | 2d | $2m_1$ | $1/2m_2$ |
| 4 | F/2 | 2d | $2m_1$ | $m_2$ |

a) क्रमाङ्क 1 को आधारमा अरु कुन क्रमाङ्कहरु सही छन् ?
With the reference of serial 1, which of them are true?

क्रम

b) यदि क्रमाङ्क 1 मा गुरुत्वाकर्षण बलको मान 400 N छ भने दुईओटा पिण्डहरूको मान स्थिर राखी दूरीलाई दोब्बर गर्दा उत्पन्न हुने गुरुत्वाकर्षण बल हिसाब गरी निकाल्नुहोस् ।

If the value of F is 400 N in serial 1, show by calculation to find the value of F when distance between the bodies is doubled keeping their masses constant.

२२) पेटमा अम्लको गाढापन आवश्यकता भन्दा वढी हुँदा उच्च अम्लियता हुन्छ ।

Hyperacidity occurs when concentration of acid increases more than requirement in the stomach.

a) यस अवस्थामा अम्ललाई तटस्थ वनाउन $Ca(OH)_2$, $Mg(OH)_2$ र $Na_2CO_3$ मध्ये कुन रसायनको प्रयोग गर्न उचित हुन्छ ? कारण समेत लेख्नुहोस् ।

Which of among $Ca(OH)_2$, $Mg(OH)_2$ and $Na_2CO_3$ is suitable to neutralize acid in this condition? Write with reason.

b) मानव आमाशयमा हुने उच्च अम्लियपन कम गर्ने प्रतिक्रियाको सन्तुलित समीकरण लेख्नुहोस् ।

Write the balanced chemical equation to reduce the hyperacidity in human stomach.


**अथवा, (दृष्टिविहीनका लागि मात्र)**

उक्त रसायनले आमाशयमा हुने उच्च अम्लियपन कम गर्ने कार्य कसरी गर्छ ? लेख्नुहोस् ।

How does the chemical reduces hyperacidity in human stomach? Write.

२३) दिइएको चित्रमा रक्त सञ्चार प्रक्रिया देखाइएको छ । A र D शरीरका अङ्गहरू तथा B, C, E र F ले रक्तनलीहरू जनाउँछन् ।

Blood circulation is shown in the given figure. A and D are organs of human body and B, C, E and F represent blood vessels.




a) भाग B को नाम के हो ?

What is the name of part B?

b) भाग D ले के काम गर्छ ? (What is the function of D?)

c) भाग F मा कस्तो रगत वहन्छ ? (What type of blood flows in F?)

d) मुटु र भाग D को विच हुने रक्त सञ्चारको नाम के हो ?

What is the name of blood circulation that occurs in between heart and part D?

अथवा, (दृष्टिविहीनका लागि मात्र)

मुटुबाट शुद्ध रगत अङ्गहरूमा लैजाने, अङ्गहरूबाट अशुद्ध रगत मुटुमा ल्याउने, मुटुबाट अशुद्ध रगत फोक्सोमा लैजाने र शुद्ध रगत फोक्सोबाट मुटुमा ल्याउने प्रक्रियामा संलग्न हुने मुटुका मुख्य मुख्य भागहरूको नाम लेख्नुहोस् ।

Write the name of the main parts of heart which carries pure blood from heart to the organs, impure blood from organs to heart, impure blood from heart to lungs and pure blood from lungs to heart.

२४) एक जना कक्षा १० मा पढ्ने विद्यार्थी बेलुकाको खानापछि आफ्नो बाबुसँग बाहिर बसिरहेको थियो । उसले आकाशबाट एक्कासी चहकिलो वस्तु पृथ्वीतिर खस्दै गरेको देख्यो ।

A student of class 10 was sitting outside with his father after his dinner. Suddenly he observed a bright object falling towards the earth.

a) त्यो वस्तु किन तलतिर खसेको होला ? (Why does that object fall down?)

b) त्यो कसरी उज्यालो/चहकिलो देखियो ? (How does it appear bright?)

c) यदि त्यो पृथ्वीसम्म आइपुग्यो भने त्यसलाई के भनिन्छ ?

What does it call when that body reaches to the earth surface?

d) यस्तो वस्तुको अध्ययनबाट के फाइदा होला ?

What is the benefit of studying such objects?

●●●

Symbol No. ....................... RE-111'BP'

# SEE 2079 (2023)

## अनिवार्य विज्ञान

दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् ।

समय : २ घण्टा १५ मिनेट पूर्णाङ्क : ७५

सबै प्रश्नहरूको उत्तर दिनुहोस् (Answer all the questions):

### समूह 'क' (Group 'A')

१. तलका प्रश्नहरुको छोटो उत्तर दिनुहोस् : 15x1=15

**Write short answer to the following questions:**

a) वायो इन्धन, जियोथर्मल ऊर्जा, ज्वारभाटा ऊर्जा र जीवावशेष ऊर्जाका स्रोतमध्ये अनवीकरणीय ऊर्जाको स्रोत कुन हो ?
Among bio-fuel, geothermal energy, tidal energy and fossil fuel which one is non-renewable source of energy?

b) हिमाल आरोहण गर्नेले अल्कोहल थर्मोमिटर किन प्रयोग गर्दछन् ?
Why do mountaineer use alcohol thermometer?

c) गति शक्तिलाई विद्युतीय शक्तिमा परिणत गर्ने विद्युतीय उपकरणलाई के भनिन्छ ?
What is the electric device called that converts kinetic energy into electric energy?

d) फलामको एउटा मुख्य धाउको नाम लेख्नुहोस् । (Write a chief ore of iron.)

e) कार्बन डाइअक्साइड र एमोनिया ग्याँसबिच प्रतिक्रिया भई बन्ने रासायनिक मलको नाम लेख्नुहोस् ।
Write the name of the chemical fertilizer formed by the reaction between carbon-dioxide and ammonia gas.

f) सिमेन्ट बनाउन प्रयोग हुने कच्चा पदार्थ के के हुन् ?
What are the raw materials used to manufacture cement?

g) रेशम किराको लार्भाले कति पटक काँचुली फेर्छ ?
How many times does a silkworm moult?

h) कुन ग्रन्थीले अन्य ग्रन्थीको कार्यलाई नियन्त्रण गर्दछ ?
Which gland controls the functions of other glands?

i) न्युट्रोफिल, इओसिनोफिल, बासोफिल र लिम्फोसाइटमध्ये नन-ग्रानुलर ल्युकोसाइट कुन हो ?
Among neutrophil, eosinophil, basophil and lymphocyte which one is non-granular leucocyte?

j) मानिसको डिप्लोइड क्रोमोजोमको जोडी सङ्ख्या कति हुन्छ ?
What is the paired number of diploid chromosome in human beings?

k) यदि पिण्ड 'm' र तौल 'w' हो भने 'm' र 'w' बिचको सम्बन्ध लेख्नुहोस् ।
If 'm' is mass and 'w' is weight, write down relation between 'm' and 'w'.

l) लेन्सको सामर्थ्यको परिभाषा लेख्नुहोस् । (Define power of a lens.)

m) $C_2H_5OH$ को IUPAC नाम लेख्नुहोस् । (Write IUPAC name of $C_2H_5OH$.)

क्रमशः

n) सजीवहरु प्रजनन् किन गर्दछन् ? (Why do living beings reproduce?)

o) उल्का पिण्डको परिभाषा दिनुहोस् । (Define meteorite.)

## समूह 'ख' (Group 'B') 13×2=26

२) विश्वव्यापी गुरुत्वाकर्षण अचर र गुरुत्वप्रवेगबिच कुनै दुई भिन्नता लेख्नुहोस् ।
Write any two differences between universal gravitational constant and acceleration due to gravity.

३) उच्च पहाडी क्षेत्रमा बहने तीव्र गतिको हावाबाट प्राप्त गर्न सकिने ऊर्जाको पहिचान गर्नुहोस् । ऊर्जा संकट कम गर्न यसको एउटा उपयोगिता लेख्नुहोस् ।
Identify the source of energy that can be obtained from fast moving air in hilly region. Write a use of this source of energy to minimize energy crisis.


४) तालिकामा केही पदार्थहरुको विशिष्ट तापधारण क्षमता दिइएको छ :
Specific heat capacity of some substances are given in the table:

| पदार्थ (Substance) | विशिष्ट तापधारण क्षमता (Specific heat capacity) |
|---|---|
| X | 129 J/kg°C |
| Y | 400 J/kg°C |
| Z | 910 J/kg°C |

a) 'Y' को विशिष्ट तापधारण क्षमता 400J/kg °C ले के सूचित गर्छ ?
What does it indicate that specific heat capacity of substance 'Y' is 400J/kg °C?

b) यदि तीनओटा पदार्थमा बराबर ताप दिइयो र सबैको पिण्ड बराबर छ भने कुन पदार्थको तापक्रम सबैभन्दा कम होला ?
If equal heat is given to all the substances with equal mass, which one will have the lowest temperature?

५) दिइएको चित्रलाई उत्तरपुस्तिकामा सारेर किरण रेखाचित्रद्वारा पूरा गर्नुहोस् र बनेको आकृतिको कुनै एउटा स्वभाव पनि लेख्नुहोस् ।
Copy the diagram in your answer sheet and complete it. Write any one nature of the image thus formed.




अथवा, (दृष्टिविहीनका लागि मात्र)

वस्तुलाई कन्भेक्स लेन्सको F र 2F को बिचमा राख्दा बन्ने आकृतिको कुनै दुई प्रकृतिहरू लेख्नुहोस् ।
If the object is placed at between F and 2F, write two nature of the image formed.

६) $H_2CO_3$ र $H_2SO_4$ दुवै अम्ल हुन् र दुवैको अणुमा दुईओटा हाइड्रोजन परमाणुहरु छन् । Zn सँग प्रतिक्रिया गराइ हाइड्रोजन ग्याँस बनाउन फिक्का $H_2CO_3$ भन्दा फिक्का $H_2SO_4$ उपयोग गर्न उपयुक्त हुन्छ, किन होला ? रासायनिक समीकरण पनि लेख्नुहोस् ।

क्रमशः

$H_2CO_3$ and $H_2SO_4$ both are acids having two atoms of hydrogen in both molecules. It is better to use dil.$H_2SO_4$ than dil. $H_2CO_3$ to prepare $H_2$ by reacting with Zn, why? Also write chemical equation.


अथवा, (दृष्टिविहीनका लागि मात्र)

$H_2CO_3$ र $H_2SO_4$ दुवै अम्ल हुन् र दुवैको अणुमा दुईओटा हाइड्रोजन परमाणुहरु छन् । Zn संग प्रतिक्रिया गराई हाइड्रोजन ग्याँस बनाउन फिक्का $H_2CO_3$ भन्दा फिक्का $H_2SO_4$ उपयोग गर्न उपयुक्त हुन्छ, किन होला ? कुनै दुई कारणहरू लेख्नुहोस् ।

$H_2CO_3$ and $H_2SO_4$ both are acids having two atoms of hydrogen in both molecules. It is better to use dil.$H_2SO_4$ than dil. $H_2CO_3$ to prepare $H_2$ by reacting with Zn, why? Write any two reasons.

७) दिइएको चित्रको अध्ययन गरी सोधिएका प्रश्नहरुको उत्तर दिनुहोस् :

Study the given figure and answer the following questions:




a) चुनढुङ्गाको सट्टा $Ca(HCO_3)_2$ को प्रयोग गर्दा हुने रासायनिक प्रतिक्रियालाई संन्तुलित समीकरणबाट देखाउनुहोस् ।

Show the chemical reaction by balanced chemical equation when $Ca(HCO_3)_2$ is used instead of limestone.

अथवा, (दृष्टिविहीनका लागि मात्र)

चुनढुङ्गाको सट्टा $Ca(HCO_3)_2$ राख्दा कुन ग्याँस निस्कन्छ ?




Which gas is produced when $Ca(HCO_3)_2$ is used instead of limestone?

b) यस प्रतिक्रियावाट बन्ने ग्याँसमा कार्वन रहेको छ भनी कसरी प्रदर्शन गर्न सकिन्छ ?

How can we demonstrate that the gas thus formed contains carbon?

८) तल केही यौगिकहरुको संरचना सूत्रहरु दिइएका छन् :

Structural formulae of some compounds are given below:

(A)  (B)  (C) 

a) कुन चाहिँ असंतृप्त हाइड्रोकार्बन हो ?

Which one of them is unsaturated hydrocarbon?

b) 'C' को कुनै एउटा उपयोगिता लेख्नुहोस् । (Write any one use of 'C'.)

अथवा, (दृष्टिविहीनका लागि मात्र)

a) असंतृप्त हाइड्रोकार्वनको एउटा उदाहरण दिनुहोस् ।
Give an example of unsaturated hydrocarbon.

b) ग्लिसिरिनको कुनै एउटा उपयोगिता लेख्नुहोस् । (Write an use of glycerine.)

९) निम्नलिखित औद्योगिक रसायन बनाउनको लागि आवश्यक पर्ने कच्चा पदार्थहरु लेख्नुहोस्:
Write the raw materials to prepare following industrial chemicals:

a) प्रेसर कुकरको ह्याण्डलको लागि प्रयोग हुने प्लाष्टिक
Plastic which is used to make handle of pressure cooker

b) लेन्स बनाउने काँच (Glass which is used to make lens)

१०) हर्मोन र इन्जाइमविच कुनै दुई भिन्नताहरु लेख्नुहोस् ।
Write any two differences between hormone and enzyme.

११) रगत जम्न कुन रक्तकोष जिम्मेवार हुन्छ ? सामान्य व्यक्तिमा यस्तो रक्तकोषको सङ्ख्या कति हुन्छ ? यसको कमीले कुन रोग लाग्छ ?
Which blood cell is responsible to clot blood? What is the number of the blood cell in a normal adult? Which disease is caused by its deficiency?

१२) "भेजिटेटिभ प्रजनन् वगैंचाहरुका लागि फाइदाजनक छ ।" कुनै दुई बुँदामा पुष्टि गर्नुहोस् ।
"Vegetative propagation is advantageous for gardens." Justify with two points.

१३) मौरीको जीवनचक्रको चित्र कोरी प्रत्येक अवस्थाको नामाकरण गर्नुहोस् ।
By sketching life cycle of honey bee, label its different stages.

अथवा, (दृष्टिविहीनका लागि मात्र)

कर्मी मौरी र रानी मौरीविच कुनै दुई फरकहरू लेख्नुहोस् ।
Write any two differences between worker bee and queen bee.

१४) मेसोजोइक इरा र सेनोजोइक इराका कुनै दुईओटा भिन्नताहरु लेख्नुहोस् ।
Write any two differences between Mesozoic and Cenozoic Era.

## समूह 'ग' (Group 'C') $6\times3=18$

१५) एउटा ठोस वस्तुलाई तीन फरक फरक तरल माध्यममा (पानी, नुनपानी र पारो) पुरै डुब्ने गरी पालै पालो राख्दा त्यसले विस्थापित गरेको पिण्ड तालिकामा दिइएको छ :
A solid object is immersed fully in three different liquid media (water, salt solution and mercury) turn by turn, the displaced mass is found as given in the table:

| तरल (Liquid) | विस्थापित पिण्ड (kg) (Displaced mass in kg) |
|---|---|
| A | 1 |
| B | 13.6 |
| C | 1.5 |

a) तीमध्ये पारोको पहिचान गर्नुहोस् । (Identify mercury of them.)

b) यदि हरेक तरलको आयतन समान छ र समान किसिमको भाँडामा राखिएको छ भने कुन तरलको विस्थापित आयतन सबैभन्दा बढी हुन्छ ? आर्किमिडिजको सिद्धान्तको आधारमा कारण दिनुहोस् ।

If each liquid has same volume in similar container, displaced mass of which liquid has more volume ? Write the reason on the basis of Archimedes' principle.

१६) एकजना शिक्षकले ऊर्जा संकटबारे शिक्षणको क्रममा तल दिइएको तालिका अनुसार विश्वको ऊर्जा खपतको विवरण प्रस्तुत गर्नुभयो ।

At the time of teaching 'energy crisis', a teacher used the following table to present the status of energy consumption in the world.

| क.सं. (S.N.) | शक्तिको स्रोत (Sources of energy) | खपत प्रतिशत (Percentage of consumption) |
|---|---|---|
| 1 | खनिज तेल (Mineral oil) | 35 |
| 2 | कोइला (Coal) | 27 |
| 3 | बायोमास (Biomass) | 13 |
| 4 | जलविद्युत (Hydro electricity) | 5 |
| 5 | न्युक्लियर ऊर्जा (Nuclear fuel) | 3 |
| 6 | प्राकृतिक ग्याँस (Natural gas) | 17 |

a) भविष्यमा हुन सक्ने ऊर्जा संकटलाई यस तालिकाले कसरी संकेत गर्छ ?

How does this chart indicate that energy crisis may occur in the future?

b) नेपालको सन्दर्भमा दिइएका स्रोतहरुमध्ये कुन बढी उत्पादन र खपत गर्न सकिन्छ ? कारण सहित लेख्नुहोस् ।

Which of the given source can be produced and consumed more in the context of Nepal? Write with reason.

१७) दिइएको रासायनिक समीकरणहरू अध्ययन गरेर सोधिएका प्रश्नहरुको उत्तर दिनुहोस् :

Study the given chemical equations and answer the questions:

(A) $CaCO_3 \xrightarrow{Heat} CaO + CO_2$

(B) $Zn + H_2SO_4 \rightarrow ZnSO_4 + H_2 + heat$

(C) $CaO + H_2O \rightarrow Ca(OH)_2 + heat$

a) उक्त समीकरणहरूबाट ताप शोषक प्रतिक्रिया चिन्नुहोस् ।

Identify the endothernic reaction from the above equations.

b) उपर्युक्त समीकरणमा विस्थापन प्रतिक्रिया कुन हो ?

Which equation of the above is displacement reaction?

c) $CaCO_3$ टुक्राको ठाउँमा त्यसको पाउडर राख्दा के फरक हुन्छ होला ?

What will occur when $CaCO_3$ powder is used instead of pieces of it?

क्रमश:

१८) केही तत्वहरुको इलेक्ट्रोन विन्यास तालिकामा दिइएको छ :
Electronic configuration of some elements are given in the table:


| तत्व (Element) | इलेक्ट्रोन विन्यास (Electronic configuration) |
|---|---|
| X | $1s^2, 2s^2\ 2p^6, 3s^1$ |
| Y | $1s^2, 2s^2\ 2p^6, 3s^2\ 3p^5$ |
| Z | $1s^2, 2s^2\ 2p^6, 3s^2\ 3p^6, 4s^2, 3d^6$ |

a) 'Y' र 'Z' बाट कुन यौगिक बन्छ ?
Which compound is formed by 'Y' and 'Z'?

b) आधुनिक पेरियोडिक तालिकामा 'X' तत्वको ठिक दायाँ पर्ने तत्वले 'Y' सँग रासायनिक प्रतिक्रिया गर्दा बन्ने यौगिकको अणुसूत्र लेख्नुहोस् ।
Write the molecular formula of that compound which is formed by the reaction of 'Y' and the element that is just right of element 'X' in the modern periodic table.

c) 'Z' को कुनै एउटा जैविक महत्व लेख्नुहोस् ।
Write any one biological importance of 'Z'.

१९) ठिमाहा कालो र शुद्ध खैरो कुकुरबिच क्रस गराउँदा पहिलो वंशमा सन्तानहरु निम्नानुसारको पाइयो :
The following offsprings are obtained when a hybrid black dog and pure brown dog were crossed for the first filial generation:




a) शुद्ध कालो कुकुर जन्माउन नसक्ने माउ कुकुरको जिनोटाइप लेख्नुहोस् ।
Write the genotype of that parent dog which can not produce pure black dog.

b) यदि ठिमाहा कालोको सट्टा शुद्ध कालो र शुद्ध खैरो रङ्को कुकुरबिच क्रस गराइएको भए, पहिलो वंशमा कस्ता सन्तानहरु देखिन्छन् होला ?
What types of offsprings would be found in the first filial generation when pure brown dog is crossed with pure black dog instead of hybrid black?

c) दोस्रो (b अवस्थामा) क्रसिङमा खैरो कुकुर नदेखिनुको कारण के हो ?
What is the cause of not forming brown dogs in the second crossing (condition b)?

२०) एक जना महिलाको स्तन कम विकसित भएको र बच्चा जन्माउन सक्ने क्षमता नभएको रहेछ । यसै गरी एक जना पुरुषको स्तन सामान्य भन्दा ठूलो छ तथा यिनमा पनि सन्तानोत्पादन गर्ने क्षमता रहेनछ ।
A woman has less developed breasts and no capacity of reproduction. Similarly a man has breasts bigger than normal and has no capacity of reproduction.

क्रमशः


a) कुन किसिमको क्रोमोजोमको कारणले यस्तो भएको हो ?
Which type of chromosome caused the disorder?

b) ती पुरुषमा भएको क्रोमोजोम डिस्अर्डरको नाम लेख्नुहोस् ।
Name the chromosomal disorder seen in the man.

c) ती महिलाको क्रोमोजोमको ढाँचा लेख्नुहोस् ।
Write the pattern of chromosome found in the woman.

## समूह 'घ' (Group 'D') 4×4=16

२१) दिइएको चित्रमा एउटा ट्रान्सफर्मर देखाइएको छ :
A transformer is shown in the diagram:




a) यस ट्रान्सफर्मरमा प्राइमरी र सेकेन्डरी क्वाइलमा फेराको सङ्ख्या एउटै नबनाउनुको कारण पुष्टि गर्नुहोस् ।
Clarify the cause of not making same number of turns in the primary and secondary coils in this transformer.

b) यस ट्रान्सफर्मरको प्राइमरी क्वाइलमा 3V को डि.सी. पठाउँदा सेकेण्डरी क्वाइलमा आउटपुट कति हुन्छ ?
What will be the output if D.C. of 3V is passed in the primary coil of the transfomer?

c) यदि प्राइमरी क्वाइलमा रहेको फेराको सङ्ख्या भन्दा सेकेन्डरी क्वाइलमा फेराको सङ्ख्या 1/5 छ भने, यसको आउटपुट भोल्टेज 12V पाउनको लागि इन्पुट भोल्टेज कति पठाउनु पर्छ ?
If the number of turns in secondary coil is 1/5th of the number of turns in primary coil, how much input voltage should be supplied to get 12 V output voltage?

अथवा, (दृष्टिविहीनका लागि मात्र)

a) ट्रान्सफर्मरमा प्राइमरी र सेकेन्डरी क्वाइलमा फेराको सङ्ख्या एउटै नबनाउनुको कारण लेख्नुहोस् ।
Write the reason that the number of turns in the primary and secondary coils is not made equal?

b) कुनै पनि ट्रान्सफर्मरको प्राइमरी क्वाइलमा 3V को डि.सी. (D.C.) पठाउँदा सेकेन्डरी क्वाइलमा आउटपुट कति हुन्छ ?
If 3V D.C. current is passed into a primary coil of a transformer, what will be the output in secondary coil?

c) स्टेप अप ट्रान्सफर्मर र स्टेप डाउन ट्रान्सफर्मरबिच कुनै दुईओटा फरकहरू लेख्नुहोस् ।
Write any two differences between step up and step down transformers.

क्रमशः

२२। a) सोडियम र म्याग्नेसियम दुवै सक्रिय धातु हुन् । सोडियमलाई पानीसँग प्रतिक्रिया गराइ अल्काली वनाउन सकिन्छ तर म्याग्नेसियमसँग सकिँदैन, किन ?
Both sodium and magnesium are active metals. Alkali can be prepared by the reaction of water with sodium but not with magnesium, why?

b) म्याग्नेसियम र क्याल्सियमले उस्तै रासायनिक प्रतिक्रिया गर्ने क्षमता हुने कुनै दुई कारणहरु के होलान् ?
What are the two reasons for the similar capacity of reaction of magnesium and calcium?

c) समूहमा म्याग्नेसियमलाई, बेरिलियम र क्याल्सियमको विचमा राख्नुको मुख्य कारण के होला ?
What is the main reason for placing magnesium in between berylium and calcium in group?

२३। काठमाडौंको बढ्दो सहरीकरणसँगै प्लाष्टिक लगायतका विभिन्न उद्योग तथा इँटाभट्टा स्थापित भएका छन् र यिनीहरुबाट निस्केको धुँवाले वायु प्रदूषण बढेको छ ।
Increased urbanization of Kathmandu has lead to the establishment of a number of plastic, brick industries. It is found to have increased air pollution by the industrial smoke.

a) केही वर्ष यता वर्षाको पानीको $p^H$, 4 भन्दा कम भएको पनि पाइयो । यसको कारणको व्याख्या गर्नुहोस् ।
In recent few years the $p^H$ of rain water is found less than 4. Explain its cause.

b) दृश्यावलोकनमा वाधा भएर त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा जहाज अवतरणमा समस्या हुन थाल्यो । दृश्यावलोकनमा वाधा आउनुको मुख्य कारण के हो ? यसको न्युनीकरण कसरी गर्न सकिएला ? कुनै एउटा सुझाव दिनुहोस् ।
Landing of plane in Tribhuvan International Airport is difficult because of poor visibility. What is its main cause? Suggest a way to minimize this problem.

२४। वैज्ञानिक तथ्यअनुसार आजभोलि दिन प्रतिदिन पृथ्वीको तापक्रम बढ्दै जानु, मानिसमा आँखा तथा छालाजन्य रोग फैलिनु तथा जीवमा प्रजननसम्बन्धी समस्या बढ्दै जानु जस्ता असरहरू देखिएका छन् ।
According to scientific facts, nowadays, temperature of the earth is being increased day to day, eye diseases and skin diseases in human being spread and in animals reproductive problems have been increased.

a) दिइएका समस्याका सम्भावित कारण के हुन सक्छन् ? कुनै एक कारण लेख्नुहोस् ।
What are the probable reasons of the problem? Write any one reason.

b) माथिका समस्या निम्त्याउने मानव निर्मित प्रमुख रसायन के हो ?
What is the main chemical that causes such problems generated by human beings?

c) पृथ्वीको वायुमण्डलमा यस रसायनले गर्ने असरलाई रासायनिक समीकरणबाट देखाउनुहोस् ।
Show the effect caused by the chemical in the form of chemical equation.

d) माथिका समस्याले गर्दा पृथ्वीमा देखिने अन्य एक असर लेख्नुहोस् ।
Write other one effect on earth that can be caused by the above problems.

•••

RE-111'GP'

# SEE 2079 (2023)

## अनिवार्य विज्ञान

दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् ।

समय : २ घण्टा १५ मिनेट पूर्णाङ्क : ७५

सबै प्रश्नहरूको उत्तर दिनुहोस् (Answer all the questions):

### समूह 'क' (Group 'A')

१. तलका प्रश्नहरुको छोटो उत्तर दिनुहोस् : 15x1=15

**Write short answer to the following questions:**

a) हाइड्रोलिक ग्यारेज लिफ्ट कुन सिद्धान्तमा आधारित छ ?
On which principle, a hydraulic garage lift is based?

b) पृथ्वीको सतहको एक वर्ग मिटरमा सूर्यबाट प्रति सेकेण्ड कति सौर्य शक्ति आउँछ ?
How much solar energy falls per square metre on the surface of earth in one second ?

c) तरल तापक्रम मापक यन्त्रको मुख्य सिद्धान्त के हो ?
What is the main principle of a liquid thermometer?

d) जेनेरेटरमा उत्पादित e.m.f. बढाउने एउटा उपाय लेख्नुहोस् ?
Write a way to increase the magnitude of induced e.m.f. in generator?

e) कुन पेरियोडिक तालिकाको ग्रुप अतिक्रियाशील अधातुहरुको समूह हो ?
Which group of periodic table is the group of very reactive non metals?

f) सुनको विशिष्ट गुरुत्व कति हुन्छ ?
How much is the specific gravity of gold?

g) तीनओटा कार्वन परमाणु भएको अल्केनको नाम लेख्नुहोस् ।
Write name of an alkane having three carbon atoms.

h) मुटुको बाँया भेन्ट्रिकलमा बाक्लो मांशपेशी हुन्छ, किन ?
Why does left ventricle of heart has thick muscular wall?

i) विरुवाहरुवाट निस्कने बाफलाई कुन किसिमको वायु प्रदूषकको रुपमा वर्गीकृत गरिएको छ ?
In which category of air pollutant the water vapour left from plants is kept?

j) अमिवामा प्राय:जसो कुन अमैथुनिक प्रजनन् हुन्छ ?
Generally, which asexual reproduction is common in amoeba?

k) न्यूटनको गुरुत्वाकर्षण सम्वन्धी विश्वव्यापी नियम लेख्नुहोस् ।
State Newton's universal law of gravitation.

l) धातु नभएको कुनै एउटा क्षारको अणु सूत्र लेख्नुहोस् ।
Write the molecular formula of a base which does not contain metal.

क्रमश.

m) नप्चल फ्लाइट भनेको के हो ? (What is nuptial flight?)

n) मेनिन्जेजका माथिल्ला दुईवटा तहहरुको नाम लेख्नुहोस् ।
Write the name of the upper two layers of meninges.

o) पेलियोजोइक इराको समय अवधि कति हो ?
What is the time period of Palaeozoic Era?

**समूह (ख) (Group 'B')** **13×2=26**

२) स्वतन्त्र खसाइ र तौलविहीनताबिचमा कुनै दुई फरकहरु लेख्नुहोस् ।
Write any two differences between free fall and weightlessness.

३) सौर्य उर्जा (Solar Energy) लाई विद्युतशक्तिमा रुपान्तरण गर्ने कुनै एउटा उपकरणको नाम लेख्नुहोस् । हाम्रो दैनिक जीवनमा यसको कुनै एउटा उपयोग लेख्नुहोस् ।
Name any one equipment that is used to convert solar energy into electrical energy. Write any one application of it in our daily life.

४) $180^0$ C को तापक्रममा रहेको 10 g फलामको किलालाई $100^0$ C को तापक्रममा रहेको 50 g पानीमा डुबाइयो ।
An iron nail with mass 10 g is at $180^0$ C temperature is immersed into 50 g water of $100^0$ C.
a) तीमध्ये कुन वस्तुमा बढी तापशक्ति छ ?
Which object of them has more heat energy?
b) तीमध्ये कुन वस्तुमा अणुहरुको औसत चाल शक्ति बढी छ ?
Which object of them has more average kinetic energy of molecules?

५) फिलामेन्ट बत्तीभित्र निस्क्रिय ग्याँस भरिएको हुन्छ, किन ? कुनै दुई बुँदामा लेख्नुहोस् ।
Inert gas is filled inside filament lamp, why? Write any two points.

६) तालिकामा केही तत्वहरुको इलेक्ट्रोन विन्यास दिइएको छ :
Electronic configuration of some elements are given in the table:

| तत्व (Element) | इलेक्ट्रोन विन्यास (Electronic configuration) |
|---|---|
| X | $1s^2$ |
| Y | $1s^2, 2s^2\ 2p^5$ |
| Z | $1s^2, 2s^2\ 2p^6, 3s^1$ |

a) तत्त्व X किन निस्क्रिय हुन्छ ?
Why is the element X inert?
b) तत्त्व Y र Z बिच हुने रासायनिक प्रतिक्रियाको सन्तुलित गमार्यनिक समीकरण लेख्नुहोस् ।
Write balanced chemical equation of the chemical reaction between elements Y and Z.

**अथवा, (दृष्टिविहीनका लागि मात्र)**

b) तत्त्व Y र Z बिच हुने रासायनिक प्रतिक्रिया भएर कुन यौगिक बन्छ ?
Which compound is formed by the reaction between elements Y and Z.

क्रमशः

७) एउटा बलिरहेको Y धातुको टुक्रालाई ग्याँस जारमा राख्दा एन्टासिडको रुपमा प्रयोग गर्न सकिने सेतो धुलो जस्तो X यौगिक र कालो धुलो Z बन्छ ।
A burning splinter of metal Y is inserted into a gas jar containing compound X gives white powder which is used as an antacid and black powder Z.
 a) सेतो पाउडरको अणुसूत्र लेख्नुहोस् । (Write the molecular formula of white powder.)
 b) उक्त ग्याँस जारमा कुन ग्याँस छ होला ? (Which gas may be in the gas jar?)

८) एक एक कारण दिनुहोस् (Give one reason of each):
 a) $NH_3$ लाई पानीको तलतिरको विस्थापनद्वारा जम्मा गर्न सकिँदैन ।
 $NH_3$ cannot be collected by downward displacement of water.
 b) $CO_2$ लाई हावाको तलतिरको विस्थापन गरेर जम्मा गर्न सकिँदैन ।
 $CO_2$ cannot be collected by downward displacement of air.


९) होमोलोगस श्रृङ्खला र फङ्क्सनल ग्रुपबिच कुनै दुईओटा फरक लेख्नुहोस् ।
Write any two differences between homologous series and functional group.

१०) स्नायुकोषको सफा चित्र खिचेर यसको कुनै दुई भागको नामाकरण गर्नुहोस् ।
Draw a diagram of neuron and label any two parts of it.

**अथवा, (दृष्टिविहीनका लागि मात्र)**

मस्तिष्क र सुषुम्नाबिच कुनै दुई फरक लेख्नुहोस् ।
Write any two differences between brain and spinal cord.

११) चित्रमा, दुईओटा क्रोमोजोम 'A' र 'B' देखाइएका छन् :
Two chromosomes A and B are shown in the diagram:




 a) क्रोमोजोम B को नाम लेख्नुहोस् ।
 Write the name of Chromosome B.
 b) लिङ्ग निर्धारणको लागि जिम्मेवार यस्तो रचनालाई के भनिन्छ ?
 What is the structure called which are responsible for sex determination?

**अथवा, (दृष्टिविहीनका लागि मात्र)**

लिङ्ग निर्धारणमा बाबु वा आमामध्ये कुन कोषमा भएको क्रोमोजोम जिम्मेवार हुन्छ ? व्याख्या गर्नुहोस् ।
In sex determination which choromosome is responsible between the choromosome of father and mother? Explain.

१२) हाइड्रा र राइजोपसमा हुने अमैथुनिक प्रजननलाई चित्रबाट देखाउनुहोस् ।
Show asexual reproduction in rhizopus and hydra by suitable diagrams.

१३) शुद्ध काला र शुद्ध सेता मुसाहरुबीच क्रस गराउँदा सबै सन्ततिहरु ठिमाहा कालो पाइयो ।
All the offsprings were obtained hybrid black, when pure black and pure white rats were crossed.

a) यो कुन वंशको नतिजा हो ? (Which generation shows this result?)

b) उक्त प्रयोगले मेण्डलको कुन नियमलाई सिद्ध गर्दछ ?
Which law of Mendel is proved by this experiment?

१४) ओजोन तह ह्रासको मुख्य कारक कुन यौगिक हो ? रासायनिक प्रतिक्रियाबाट प्रष्ट पार्नुहोस् ।
Which compound is the major factor of ozone layer depletion? Clarify it with chemical reaction.

**समूह 'ग' (Group 'C')** 6x3=18

१५) नेपालमा बायोग्याँस प्लान्ट बनाउन सरकारले अनुदान प्रदान गरेको छ ।
Government is giving subsidies for constructing biogas plant in Nepal.

a) यसरी सरकारले बायोग्याँस उत्पादनलाई प्रोत्साहन किन दिएको छ ?
Why does the government encourage to establish biogas plant?

b) नेपालको सन्दर्भमा किन बायोग्याँस उर्जा जीवावशेष उर्जा भन्दा उत्तम छ ?
Why is biogas fuel better than fossil fuel in the context of Nepal?

c) नेपालको ग्रामीण क्षेत्रमा बायोग्याँस उर्जाको प्रयोग किन बढी प्रभावकारी हुन्छ ?
Why is the use of biogas fuel more effective in rural parts of Nepal.

१६) यदि 3 cm केन्द्रीकरण दूरी भएको कन्भेक्स लेन्सको अगाडि 5 cm दूरीमा 2 cm उचाइको मैनबत्ती राखियो भने सही नाप प्रयोग गरी किरण रेखाचित्र कोर्नुहोस् र बन्ने आकृतिको विस्तृतीकरण पनि निकाल्नुहोस् ।
A candle of 2 cm height is placed 5 cm away from a convex lens of focal lenght 3 cm. Draw an accurate scale ray diaram of the image formed and calculate the magnification of tlie image.

**अथवा, (दृष्टिविहीनका लागि मात्र)**

यदि 3 cm केन्द्रीकरण दूरी भएको कन्भेक्स लेन्सको अगाडि 5 cm दूरीमा एउटा मैनबत्ती राखियो भने, उक्त मैनबत्तीको आकृति कहाँ र कस्तो बन्दछ ? व्याख्या गर्नुहोस् । विस्तृतीकरण निकाल्ने सूत्र लेख्नुहोस् ।
If a candle is kept at 5 cm distant from the convex lens of focal length 3 cm, where and how is the image formed ? Explain. Write the formula to calculate magnification.

